गेरुवा गाउँपालिका

**Geruwa Rural Municipality**

# गाउँ कार्यपालिकाको कार्यालय

**Office of the Rural Municipal Executive**

पशुपतिनगर, बर्दिया

**Pashupatinagar, Bardiya**

प.सं:२०८०/०८१

च.नं:

लुम्बिनी प्रदेश, नेपाल

**Lumbini Province, Nepal**

## सेवा करार सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति :-२०८०।०४।२३)

गेरुवा गाउँपालिका पशुपतिनगर, बर्दियामा एक जना ना.प.स्वा.प्रा पशु प्राविधिक, सहायक चौथो र एक जना कार्यालय सहयोगी, श्रेणी विहिन कर्मचारी सेवा करारबाट भर्ना गर्नु पर्ने भएकोले देहायको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र राजश्व तिरेको सक्कलै रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।म्याद नाघि र रित नपुगी आएका दरखास्त उपर कुनै कारवाही हुने छैन।

पदपूर्ति गर्नुपर्ने विवरण

| क्र.सं | विज्ञापन नं | पद | तह | माग पद संख्या | परिक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०६।०८०।०८१ | ना.प.स्वा.प्रा | सहायक चौथो | १ | रु.४००।- | |
| २ | ०७।०८०।०८१ | कार्यालय सहयोगी | श्रेणी विहिन | १ | रु.३००।- | |

शैक्षिक योग्यता र अनुभव

| ना.प.स्वा.प्रा का लागी | स्विपरका लागी |
|---|---|
| १. न्युनतम शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट १८ महिने भेटेरीनरी कोर्स गरेको<br>२. १८ वर्ष उमेर पुरा भई ३५ (महिला उम्मेदवारको हकमा ४०) वर्ष ननाघेको हुनुपर्ने<br>३. प्रचलित कानुनद्वारा अयोग्य नठहरिएको | १. न्युनतम शैक्षिक योग्यताः १० (दश) कक्षा उत्तिर्ण<br>२. १८ वर्ष उमेर पुरा भई ३५ (महिला उम्मेदवारको हकमा ४०) वर्ष ननाघेको हुनुपर्ने<br>३. प्रचलित कानुनद्वारा अयोग्य नठहरिएको |

**ना.प.स्वा.प्रा पदको लागी दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरुः** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी, अनुभवको प्रमाणित प्रतिलिपी र स्थानीय उम्मेदवारको हकमा स्थानीय प्रमाणित हुने प्रमाणपत्रको प्रतिलिपी संलग्न हुनुपर्नेछ।(सबै प्रमाणपत्रहरुको प्रतिलिपी नोटरी पब्लिकबाट प्रमाणित गराई पेश गर्नुपर्ने छ।)

**कार्यालय सहयोगी पदको लागी दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातः** नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी र स्थानीय उम्मेदवारको हकमा स्थानीय प्रमाणित हुने प्रमाणपत्रको प्रतिलिपी संलग्न हुनुपर्नेछ ।

**परिक्षाको किसिमः** सूचिकरण विधि, लिखित र मौखिक परिक्षा

**तलब सुविधाः** गेरुवा गाउँपालिका गाउँ कार्यपालिकाको निर्णयअनुसार

**करार सेवा अवधिः** ६ महिनाको हुनेछ।तत्पश्चात कार्य सम्पादन सन्तोषजनक देखिएमा करार समयावधी थप गरिदै लगिनेछ ।

**दरखास्त फारम पाइने/बुझाउने स्थानः** गेरुवा गाउँपालिका प्रशासन शाखा

**फारम भर्ने अन्तिम मितिः** २०८०।०५।०५ गतेसम्म

**परिक्षा मिति र केन्द्रः** लिखित परिक्षा मिति र केन्द्र, पछि प्रकाशित गरिनेछ।

बस बहादुर राना

प्रमुख प्रशासकीय अधिकृत

**बस बहादुर राना**

**प्रमुख प्रशासकिय अधिकृत**

**email:** geruwarmun@gmail.com | info@geruwamun.gov.np |**website:** www.geruwamun.gov.np